# कृष्णप्रसाद अधिकारीको हत्या प्रकरण
# तथा
# न्यायका लागि पीडितको सङ्घर्ष यात्रा

**घटना विवरण**

गोरखा जिल्ला फुजेल गाविस-७ घर भई रत्ननगर नपा-१३ जयमङ्गलामा आफ्नो हजुरबुबालाई भेट्न ०६१ जेठ २१ गते हिँडेका नन्दप्रसाद र गङ्गामाया अधिकारी दम्पतिका कान्छा छोरा १८ वर्षीय कृष्णप्रसाद अधिकारीलाई ०६१ जेठ २४ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले चितवन जिल्ला रत्ननगर नपा-१ बकुलहरबाट अपहरण गरी लगेकोमा चार घण्टापछि साँझ सोही स्थानमा ल्याएर निर्मम यातना दिएपछि टाउकोमा गोली हानी हत्या गरे । अधिकारी जेठ २४ गते हजुरबुबासँगै खाना खाएर बकुलहर चौकमा आएर फोन गर्न खोज्दा दुई जना व्यक्तिले पिछा गर्दै नियन्त्रणमा लिएर मोटरसाइकलमा राखेर लगेका थिए । करिब ३ सय मिटर अगाडि दोबाटोबाट दायाँ हुँदै एक ह्याचरीमा पुऱ्याई अधिकारीलाई यातना दिँदै सोधपुछ गरेका थिए । त्यसपछि कयर खोलामा पुऱ्याई पुनः अत्यन्तै यातना दिए र उनको शरीरमाथिबाट मोटरसाइकलसमेत चढाएका थिए । यातनापछि अधिकारीलाई टाउकोमा गोली हानी हत्या गरेर सडकमै छाडेर गएका थिए । अधिकारीको लास देख्ने पहिलो देख्ने व्यक्ति एक स्थानीय पत्रकार थिए, जो हाल जापानमा रहँदै आएका छन् । यस घटनाको बारेमा स्थानीय माओवादी नेता रूद्र आचार्यले स्थानीय एक पसलेलाई बताएका थिए । आचार्य अहिले आयरल्याण्डमा छन् ।

**घटनाक्रम**

- मृतकका बुबा नन्दप्रसाद अधिकारीले ०६१ जेठ २५ गते जिल्ला प्रहरी कार्यालय चितवनमा कर्तव्य ज्यानअन्तर्गत मुद्दा दायर गरेका थिए भने मृतकका दाजु नुरप्रसाद अधिकारीले ०६२ मङ्सिर २६ गते जिल्ला प्रहरी कार्यालय चितवनमा किटानी जाहेरी दिएका थिए । घटना भएको भोलिपल्ट तत्कालीन माओवादीका चितवन जिल्ला इन्चार्ज श्रीनाथ अधिकारी (श्याम)ले एक विज्ञप्ति जारी गरी अधिकारी सेनाको मान्छे भएको र माओवादीविरुद्ध सुराकी गरेको भन्दै घटनाको जिम्मेवारी लिएका थिए ।
- अधिकारीको हत्या पार्टीको योजनाअनुसार भएको तत्कालीन विद्रोही माओवादी पार्टीका चितवन जिल्ला सेक्रेटेरी यमबहादुर परियार "इन्द्रजीत"ले घटनाको जिम्मेवारी लिएको कुरा ०७० साउन ३० गते इकान्तिपुर अनलाइनमा प्रकाशन भएका थियो । त्यसै गरी तत्कालीन जिल्ला जनसरकार प्रमुख दण्डपानी पौडेलले पार्टीको निर्णयअनुसार अधिकारीको हत्या भएको बताएका थिए । शान्तिप्रक्रियामा आइसकेपछि २०५८ चैत २९ गते माओवादीका जिल्लास्तरीय नेता सुदर्शन पौडेलले जिल्ला प्रशासन कार्यालयका शाखा अधिकृत टोलप्रसाद शर्मासमेत रहेको छलफल कार्यक्रममा अधिकारी हत्या घटना पार्टीले जिम्मा लिएको बताएका थिए । रामप्रसाद अधिकारीको गिरफ्तारीपछि एकीकृत माओवादीका तर्फबाट घनश्याम पौडेल (अभिनाश) र नेकपा-माओवादीका तर्फबाट अनिल शर्मा विरहीले छुट्टाछुट्टै विज्ञप्तिमार्फत द्वन्द्वकालको मुद्दा नउठाउन चेतावनी दिएका थिए ।
- छोराको हत्यारालाई कारबाहीको माग गरी जिल्ला प्रहरी कार्यालय चितवनमा जेठ २५ गते दिएको उजुरीमा प्रहरीद्वारा छानबिन नै नगरी बेवास्ता गरेपछि मृतकका बुबा नन्दप्रसाद र गङ्गामाया अधिकारी दम्पति चरणबद्ध आन्दोलन गर्दै आएका छन् । अधिकारी दम्पति ०६९ माघ २२ गतेबाट सिंहदरबार, वीर अस्पताल, गोरखा जिल्ला प्रशासन, ललितपुर मानसिक अस्पताल, बालुवाटारलगायतका स्थानमा अनसन बसेका थिए ।
- अधिकारी दम्पति ०७० साउन ७ गतेबाट बालुवाटारस्थित प्रधानमन्त्री निवासको गेट नम्बर ३ अगाडि पुनः अनसन बसेका थिए । प्रहरीले ०७० साउन ९ गते उनीहरूलाई ३ नम्बर गेटबाट एक जना व्यक्तिको घरको आडमा पुऱ्याएको थियो । अधिकारी दम्पतिको अवस्था गम्भीर भएपछि ०७० साउन १६ गते महानगरीय प्रहरी प्रभाग कमलपोखरीले बार्ताका लागि भन्दै गाडी चढाई जबरजस्ती वीर अस्पताल पुऱ्याई भर्ना गरेको थियो ।
- अधिकारीको हत्या घटनामा सङ्लग्न भएको आरोपमा चितवन प्रहरीले ०७० भदौ २१ गते काठमाडौँको बागबजारबाट एकीकृत माओवादीका कार्यकर्ता गोरखा जिल्ला फुजेल गाविस-४ का ३५ वर्षीय रामप्रसाद

अधिकारीलाई गिरफ्तार गरेकोमा असोज १४ गते सरकारी वकीलको कार्यालयबाट हाजिरी जवानीमा रिहा गरियो । यसै गरी मङ्सिर २१ गते राति भरतपुर नपा-९ शरदपुर बस्ने एकीकृत माओवादी कार्यकर्ता परशुराम पौडेल (अजिव)लाई अधिकारी हत्या घटनामा सङ्लग्न रहेको आरोपमा गिरफ्तार गरिएकोमा ०७० पुस १४ गते सरकारी वकीलको कार्यालयबाट मुद्दा चलाउन प्रमाण नपुग्ने भन्दै हाजिरी जमानीमा रिहा ।

- तत्कालीन माओवादी कार्यकर्ताले ०६१ जेठ २४ गते (Sunday,June 6,2004) कृष्णप्रसाद अधिकारीलाई गोर्खाबाट चितवन आएको बेला अपहरण गरी हत्या गरे । हत्या घटनाको आरोपितहरूमा माओवादीका नेता जानुका पौडेल, छविलाल पौडेल, परशुराम पौडेल, विष्णु तिवारी, कालिप्रसाद अधिकारी, बाबुराम अधिकारी र रामप्रसाद अधिकारी रहेको पीडित पक्षको भनाइ ।
- घटना भएको भोलिपल्ट तत्कालीन माओवादीका चितवन जिल्ला इन्चार्ज श्रीनाथ अधिकारी (श्याम)ले एक विज्ञप्ति जारी गरी अधिकारी सेनाको मान्छे भएको र माओवादीविरुद्ध सुराकी गरेको भन्दै घटनाको जिम्मेवारी ।
- गोरखा फुजेलका कृष्णप्रसाद अधिकारी मारिएको घटनामा उनका बुबा नन्दप्रसाद अधिकारीबाट ०६१ जेठ २५ (Sunday, June 7, 2004) गते जिल्ला प्रहरी कार्यालय चितवनमा कर्तव्य ज्यानअन्तर्गत मुद्दा दायर ।
- मृतकका दाजु नुरप्रसाद अधिकारीबाट ०६२ मङ्सिर २६ (Sunday, December 11, 2005) गते चितवन जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी ।
- हत्या घटनासम्बन्धी उजुरीमा प्रहरीद्वारा छानविन नै नगरी बेवास्ता गरेको भन्दै स्व. कृष्णप्रसाद अधिकारीका बुबा ५६ वर्षीय नन्दप्रसाद अधिकारी, आमा ५५ वर्षीया गङ्गामाया अधिकारी र दाई नुरप्रसाद अधिकारीले ०६२ बाट आफ्नो परिवारको सदस्य कृष्णप्रसाद अधिकारीको हत्यामा सङ्लग्नलाई कारबाहीको माग गर्दै चरणबद्ध आन्दोलन ।
- मन्त्रिपरिषद्को कार्यालयको ०६३ जेठ २९ गतेको बैठकले द्वन्द्वकालमा भएको घटनासम्बन्धी मुद्दा फिर्ता लिने तथा अनुसन्धान नचलाउने निर्णय ।
- गोरखाका कृष्णप्रसाद अधिकारीका परिवार ०६४ पुस १ गते गाउँबाट विस्थापित ।
- राष्ट्रिय मानवअधिकार आयोगद्वारा ०६५ चैत २३ गते गोरखाका कृष्णप्रसाद अधिकारी हत्या मुद्दाको अनुसन्धान कारबाही प्रक्रिया अगाडि बढाउन, पीडित परिवारलाई क्षतिपूर्तिस्वरूप ३ लाख उपलब्ध गराउन र अधिकारी परिवारलाई पुनः स्थापित गराउन सरकारलाई पत्राचार ।
- डा. बाबुराम भट्टराई नेतृत्वको सरकारद्वारा ०६९ माघ १० गते महिनामा गोरखाका कृष्णप्रसाद अधिकारी हत्यासम्बन्धी मुद्दा फिर्ता लिने निर्णय ।
- पीडित परिवारको जाहेरीमा अनुसन्धान र कुनै पनि काम नगर्न महान्यायाधीवक्तामार्फत डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले पत्राचार गरेपछि अधिकारी दम्पति ०६९ माघ २२ गतेबाट अनसन बस्दै आएको । (गोरखा, सिंहदरबार, वीर अस्पताल, मानसिक अस्पताल, बालुवाटार)
- भाई कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्नलाई कारबाहीको लागि माग राखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेट्न बालुवाटार पुगेका नुरप्रसादलाई महानगरीय प्रहरी प्रभाग कमलपोखरीले ०७० जेठ २९ गते गिरफ्तार गरी सोही दिन हनुमानढोका हिरासतमा पुऱ्याए ।
- वीर अस्पताल अगाडि अनसनमा बसेका अधिकारी दम्पतिलाई ०७० जेठ ३० गते प्रहरीले जबरजस्ती पाटनस्थित मानसिक अस्पताल पुऱ्यायो ।
- मानसिक अस्पताल पुऱ्याइएका अधिकारी दम्पतिको विषयमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा ०७० असार ५ गते चासो व्यक्त । मानसिक अस्पतालका प्रमुख सुरेन्द्र शेरचनलाई बोलाई अधिकारी दम्पतिलाई मानवीय व्यवहार गर्न आयोगको निर्देशन ।
- मानसिक अस्पतालमा अधिकारी दम्पतिको अवस्था बुझ्न अस्पताल प्रशासनद्वारा माथिको आदेश भन्दै ०७० असार ११ गतेबाट पीडित परिवार, पत्रकार र मानवअधिकारकर्मीलाई भेट्न रोक ।
- अधिकारी दम्पति मानसिक रोगी नभएको मानसिक अस्पतालका निर्देशक सुरेन्द्र शेरचनद्वारा ०७० असार ३१ (Monday, July 15, 2013) गते सार्वजनिक रूपमा बताउँदै, अधिकारी दम्पति मानसिक रोगी नभएको पुष्टि ।

- अधिकारी दम्पतिलाई मानसिक अस्पतालबाट ०७० साउन ७ गते प्रहरीद्वारा मानसिक अस्पतालबाट बबरमहलमा लगी अलपत्र रूपमा छाडियो ।
- अधिकारी दम्पति ०७० साउन ७ गतेबाट बालुवाटारस्थित प्रधानमन्त्री निवासको गेट नं ३ अगाडि पुनः अनसन बसे ।
- अनसनमा बसेका अधिकारी दम्पतिको अवस्था गम्भीर भएपछि ०७० साउन १६ गते महानगरीय प्रहरी प्रभाग कमलपोखरीले बार्ताका लागि भन्दै गाडी चढाई जबरजस्ती वीर अस्पताल पुर्‍याई भर्ना गरेको ।
- इन्सेकका अध्यक्षद्वारा कृष्णप्रसाद अधिकारी हत्याका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिश र अनुसन्धानको प्रति पाउँ भनी ०७० साउन २८ गते मानवअधिकार आयोगमा पत्राचार ।
- राष्ट्रिय मानवअधिकार आयोगले कृष्णप्रसाद अधिकारीको हत्याको मुद्दा अघि बढाउन सरकारलाई पुनः ०७० साउन २८ गते (Monday, August 12, 2013) पत्राचार ।
- मन्त्रिपरिषद्का अध्यक्ष खिलाराज रेग्मीले ०७० साउन २८ कृष्णप्रसाद अधिकारीको हत्याको घटनाको अनुसन्धान प्रक्रिया अघि बढाउन र त्यसको जानकारी राष्ट्रिय मानवअधिकार आयोगलाई पत्राचार गर्न गृहमन्त्रीलाई निर्देशन ।
- ०७० साउन २९ गते नेपाल सरकारद्वारा अनुसन्धान प्रक्रिया अघि बढाउन गृहमन्त्रालयलाई निर्देशन ।
- गोरखा जिल्ला फुजेल गाविसका आठ जनाले स्थलगत निरीक्षण गरेर मात्र समाचार सम्प्रेषण गरिदिन आम सञ्चारकर्मीलाई ०७० साउन १९ गते पत्रकारसम्मेलनमार्फत अनुरोध गर्दै उक्त घटनामा आफूहरूको संलग्नता नभएको जिकीर ।
- एकीकृत नेकपा माओवादीद्वारा ०७० साउन २९ गते पार्टी मुख्यालय पेरिसडाँडामा पत्रकार सम्मेलन गरी अधिकारी हत्या घटना सम्बन्धमा पार्टीको आधिकारीक धारणा सार्वजनिक तथा विज्ञप्ति जारी गर्दै द्वन्द्वका घटनाहरूको न्यायका लागि निर्देशन दिने अधिकार नरहेको जिकिर ।
- कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्नहरूको पहिचान गरी कारबाही प्रक्रिया अघि बढाउन माग गर्दै सिंहदरबार दक्षिण गेटमा अधिकारकर्मीहरूले ०७० साउन २९ गते गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप ।
- कृष्णप्रसाद अधिकारीको हत्या पार्टीको योजनाअनुसार भएको तत्कालीन विद्रोही माओवादी पार्टीका चितवन जिल्ला सेक्रेटेरी यमबहादुर परियार "इन्द्रजीत"ले भने । (घटनाको जिम्मा लिएको कुरा ०७० साउन ३० गते इकान्तिपुर अनलाइनमा प्रकाशन भएको थियो ।
- कृष्णप्रसाद अधिकारी हत्या घटनाको अनुसन्धानका लागि चितवन जिल्ला प्रहरी कार्यालयका एसपी प्रद्युम्न कार्कीद्वारा जिल्ला न्यायाधिवक्ताको कार्यालयसमक्ष ०७० साउन ३० गते कानुनी राय लागि पत्राचार ।
- जिल्ला न्यायाधिवक्ताको कार्यालयले घटना सम्बन्धमा निर्देशनको लागि महान्यायाधिवक्ताको कार्यालयलाई ०७० साउन ३० गते पत्राचार गरेको न्यायाधिवक्ता कार्यालयका सुब्बा कृष्ण पराजुलीद्वारा अनौपचारिक रूपमा इन्सेक चितवन जिल्ला संयोजक मुकुन्द दाहाललाई जानकारी ।
- मानवअधिकारकर्मी सुबोधराज प्याकुरेल, चरण प्रसाई, सुदिप पाठक, प्रा. कपिल श्रेष्ठ लगायत २४ जनाद्वारा ०७० साउन ३० गते प्रचण्डको अभिव्यक्तिप्रति गम्भीर ध्यानाकर्षण ।
- सञ्चारमन्त्री माधव पौडेलले कृष्णप्रसाद अधिकारी हत्या घटना अनुसन्धान नरोकिने स्पष्ट । (सञ्चारमन्त्री पौडलले रामेछापका बाढी पहिरो पीडितहरूको अवस्था बुझ्रेर फर्किएपछि ०७० साउन ३० गते दोलखामा आयोजित कार्यक्रममा सो कुरा स्पष्ट पारेका थिए ।)
- सरकारी वकिलको कार्यालयबाट स्पष्ट राय नआउँदा अधिकारी हत्या घटनाको अनुसन्धान कार्य अघि बढाउन नसकिएको जिल्ला प्रहरी कार्यालयका एसपी प्रद्युम्न कार्कीद्वारा ०७० साउन ३२ गते जानकारी ।
- नन्दप्रसाद अधिकारी र पत्नी गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था बिग्रँदै गएपछि ०७० भदौ ४ गते वीर अस्पतालको आइसियुमा भर्ना ।
- स्वास्थ्यमन्त्री विद्याधर मल्लिक, शान्ति तथा पुनः निर्माण मन्त्री रामकुमार श्रेष्ठ, राष्ट्रिय मानवअधिकार अयोगका सदस्य तथा प्रवक्ता गौरी प्रधान लगायतको टोलीले ०७० भदौ ४ गते वीर अस्पतालमा पुगी दम्पति परिवारलाई भेटी अनशन तोड्न आग्रह ।

- एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र उपाध्यक्ष डा. बाबुराम भट्टराईले अधिकारीको हत्या घटनाको छानविन प्रक्रियालाई अवरुद्ध गर्न दिइएको अभिव्यक्तिप्रति नागरिक समाजका अगुवाहरूले ०७० भदौ ६ गते (Thursday, August 22, 2013) विज्ञप्ति जारी गरी गम्भीर ध्यानाकर्षण । यस प्रकारको अभिव्यक्तिले न्यायिक प्रक्रियामाथि ठाँडो हस्तक्षेप भएको निश्कर्ष ।
- उच्चस्तरीय राजनीतिक समितिको तर्फबाट समितिका संयोजक काङ्ग्रेस सभापति सुशील कोइराला र एमाले अध्यक्ष झलनाथ खनालले ०७० भदौँ १२ गते वीर अस्पतालमा पुगेर अधिकारी दम्पतिलाई सरकारले हत्याबारे अनुसन्धान सुरु गरिसकेको भन्दै अनसन तोड्न गरेको आग्रह, अधिकारी दम्पतीद्वारा आग्रह अस्वीकार ।
- अधिकारी दम्पत्तिको स्वास्थ्य अवस्था बुझ्न ०७० भदौ १३ गते बिहान ९ बजे वीर अस्पताल पुगेका मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीद्वारा अनसन तोड्न आग्रह ।
- अधिकारी हत्या घटना सम्बन्धमा थप अनुसन्धान जारी रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयद्वारा भदौ १३ गते जारी विज्ञप्तिमार्फत जानकारी ।
- एमाले केन्द्रीय कार्यालय बल्खुमा ०७० भदौ १५ गते बसेको २३ औँ केद्रीय कमिटीको बैठकले अधिकारी दम्पत्तीले जारी राखेको आमरण अनसनप्रति ध्यानाकर्षण ।
- आमरण अनशनमा बसेका अधिकारी दम्पतिको जीवन रक्षाका लागि आदेश जारी गर्न माग गर्दै ०७० भदौ १६ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर ।
- अन्तर्राष्ट्रिय न्यायिक आयोगले ०७० भदौ १७ गते आफ्नो वेभसाइटमार्फत न्यायिक आन्दोलनका लागि अनसनमा बसेका नन्दप्रसाद अधिकारी र गङ्गामाया अधिकारीको बिग्रँदो स्वास्थ्य अवस्थाप्रति ध्यानाकर्षण भएको जानकारी ।
- अधिकारी दम्पतिको जीवन रक्षाको लागि एमनेष्टी इन्टरनेशनल र ह्युमन राइट्स वाचले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालय (ओएचसिएचआर)लाई ०७० भदौ १७ गते अपिल ।
- अधिकारी दम्पतिको जीवन रक्षाका लागि माग गर्दै सर्वोच्च अदालतमा दायर रिटउपर अनुसन्धानको विवरणपत्र जारी गर्न सर्वोच्च दालतद्वारा ०७० भदौ १८ गते परमादेश जारी ।
- कृष्णप्रसाद अधिकारीको हत्या घटना सम्बन्धमा नेपाल सरकारले हालसम्म गरेको अनुसन्धानको विवरण ०७० भदौ १९ गते सार्वजनिक ।
- सरकारी टोली तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णहरि बाँस्कोटा, गृह मन्त्रालयका सचिव नवीन घिमिरेलगायत दश जनाको ०७० भदौ १९ गते सरकारी टोलीले अनसन तोड्न गरेको आग्रहलाई अधिकारी दम्पत्तीद्वारा अस्वीकार ।
- संयुक्त राष्ट्रसङ्घीय उच्च आयुक्तको कार्यालयद्वारा ०७० भदौ १९ गते विज्ञप्ति जारी गर्दै अधिकारी दम्पतीले जारी राखेको अनसनप्रति चासो व्यक्त गर्दै हत्याको विषयमा स्वतन्त्र छानबिन गर्न माग ।
- गोरखा फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भएको आरोपमा चितवन प्रहरीले ०७० भदौ २१ गते काठमाडौँको बागबजारबाट एकीकृत माओवादीका कार्यकर्ता गोरखा फुजेल-४ का ३५ वर्षीय रामप्रसाद अधिकारी गिरफ्तार ।
- मानवअधिकारकर्मी एवम् नागरिक अगुवाहरूको रोहवरमा प्रधानमन्त्री कार्यालयका सचिव कृष्णहरि बाँस्कोटसँग तीनबुँदे लिखित सहमतिपछि छोराका हत्यारालाई कारवाहीको माग गर्दै गत माघ २२ गतेदेखि अनसनरत अधिकारी दम्पत्तिले ०७० भदौ २२ गते राति अनसन तोड्न र खाना खान सहमत ।
- माओवादी कार्यकर्ता रामप्रसाद अधिकारीको गिरफ्तारीको विरोधमा एकीकृत माओवादीले ०७० भदौ २२ गते काठमाडौँ, चितवन र गोरखा बन्दको आह्वान ।
- अधिकारी हत्याका ११ आरोपितमध्ये गिरफ्तारी परेका रामप्रसाद अधिकारीलाई हिरासतमा राखी अनुसन्धान गर्न पुन: ०७० भदौ ३१ गते १० दिनको म्याद थप ।
- अधिकारीको हत्या आरोपमा गिरफ्तारीमा परेका रामप्रसाद अधिकारी ०७० असोज १४ गते हाजिरी जवानीमा रिहा । सरकारी वकीलको कार्यालयबाट हाजिरी जवानीमा छोड्न भनी निर्देशन आएकाले हाजिरी जवानीमा छोडिएको डिएसपी सन्जयबहादुर राउतले बताएका थिए

- छोरा हत्यामा संलग्नलाई गिरफ्तार गरी कारबाही गरिनुपर्ने माग राखी ०७० कात्तिक ७ गतेदेखि अधिकारी दम्पति पुनः अनसनमा । वीर अस्पतालको स्पेशल क्याबिनमा उनीहरूको उपचार ।
- कृष्णप्रसाद अधिकारीको हत्यामा सङ्लग्न भएको आरोपमा चितवन प्रहरीद्वारा मङ्सिर २१ गते राति भरतपुर नपा-९ शरदपुर बस्ने एकीकृत माओवादी कार्यकर्ता परशुराम पौडेल (अजिव)लाई उनी बस्ने घरबाटै गिरफ्तार ।
- कृष्णप्रसाद अधिकारीको हत्याका आरोपित परशुराम पौडेललाई थप अनुसन्धानको लागि ०७० मङ्सिर २३ गते चितवन जिल्ला अदालतका न्यायधिश विनोद मोहन आचार्यको एकल इजलासले १२ दिनको म्याद थप ।
- कृष्ण अधिकारीको हत्या प्रकरणमा गिरफ्तारीमा परेका माओवादी कार्यकर्ता परशुराम पौडेल ०७० पुस १४ गते हाजिरी जवानीमा रिहा । सरकारी वकीलको कार्यालयबाट मुद्दा चलाउन प्रमाण नपुग्ने भन्दै हाजिरी जवानीमा छोड्न भनी निर्देशन आएकाले हाजिरी जवानीमा छोडिएको डीएसपी सञ्जयबहादुर राउतको भनाइ ।
- काङ्ग्रेस सभापति सुशील कोइरालाले ०७० पुस २५ गते अनरनरत दम्पतिलाई भेट गरेको विभिन्न सञ्चार माध्यमहरूबाट जानकारी प्राप्त भएको ।
- कृष्णप्रसाद अधिकारी हत्या घटनाको छानविन गर्न सरकारले ०७० पुस २५ गते डिआईजी गणेश राईको नेतृत्वमा चार सदस्यीय छानविन समिति गठन गरेको ।
- अधिकारी दम्पतिको मागमा सरकारले सम्बोधन गर्दै उच्चस्तरीय छानबिन समिति बनाएपछि अधिकारकर्मीहरूद्वारा ०७० पुस २६ गते अनशन तोड्न आग्रह गरेको ।
- व्यवस्थापिका संसद्को माघ २४ गतेको बैठकमा काङ्ग्रेस नेता तथा संविधानसभा सदस्य अर्जुन नरसिंह केसीले १०७ दिनदेखि आमरण अनसनरत अधिकारी दम्पतिको माग पूरा गर्न सरकारले चासो नदिएको भन्दै सदनमार्फत ध्यानाकर्षण ।
- गृह मन्त्रालयले माघ २७ गते विज्ञप्ति जारी गरी अधिकारी दम्पतिलाई आफ्नो जीवनको रक्षा गरेर मात्र न्याय प्राप्तिको प्रयत्नमा सरीक हुन सकिने बताउँदै जारी अनशन अन्त्य गर्न आग्रह गरेको ।
- अधिकारी दम्पतिका माग पूरा गर्न सरकारले आवश्यक प्रक्रिया अघि बढाएको व्यहोराको पत्र २०७० माघ २९ गते वीर अस्पताल पुगेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवद्वय कृष्णहरि बाँस्कोटा र राजुमानसिंह मल्ल तथा गृह सचिव जनार्दन घिमिरेले हस्तान्तरण गरी अनशन अन्त्य गर्न पुनः आग्रह गरेको ।
- राष्ट्रिय मानवअधिकार प्रतिष्ठानले माघ २९ गते अधिकारी दम्पतिको जीवन रक्षाको माग गर्दै प्रधानमन्त्री सुशील कोइरालाको ध्यानाकर्षण ।
- फागुन १९ गते व्यवस्थापिका संसद्को बैठकको सुरुमै समय माग गरी काङ्ग्रेसका नेता तथा संविधानसभा सदस्य अर्जुननरसिंह केसीले अधिकारी दम्पतिको अवस्था नाजुक भएको भन्दै तत्काल उनीहरूको जीवन रक्षा गर्न माग गरे ।
- चितवन रत्ननगर नपा-११ जिरौना बस्ने ४० वर्षीय भिमसेन भन्ने भिष्मराज पौडेललाई ०७० चैत ६ गते र जिल्ला गोरखा फुजेल गाविस-६ बस्ने ७२ वर्षीय छविलाल पौडेललाई ०७० चैत ७ गते गिरफ्तार गरी गरी आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको व्यहोरा चितवन जिल्ला प्रहरी कार्यालयद्वारा चैत ७ गते विज्ञप्ति जारी गरी जानकारी गराउनुभयो ।
- नेपालस्थित संयुक्त राष्ट्रसङ्घका आवासीय प्रतिनिधि जेमी म्याकगोल्ड्रिक १ सय ५१ दिनदेखि जारी अनसनप्रति चासो राख्दै चैत १७ गते सोमवार वीर अस्पतालमा आउँदा अधिकारी दम्पतिले भेट हुने आशा गरेका थिए । तर, म्याकगोल्ड्रिक अस्पतालका निर्देशक डा. बुलन्द थापासँग भात्र भेट गरेर फर्किएका थिए ।
- छोराको हत्या छानबिन माग गर्दै गत ०६९ माघ २२ देखि विभिन्न स्थानमा अनसन बस्दै आएका अधिकारी दम्पतिको बोली बन्द भएपछि अस्पतालले ०७० साउन २६ गते स्लाइन पानी चलाएको ।
- कृष्णप्रसाद अधिकारीको हत्याका आरोपितलाई कानुनी दायरामा ल्याई पीडितलाई न्याय तथा क्षतिपूर्ति र पीडकलाई कारबाहीको प्रक्रिया अघि बढाउने विषयमा जानकारी दिन गृहमन्त्रीलाई राष्ट्रिय मानवअधिकार आयोगले आफै उपस्थित हुन पत्र काटेपछि गृहमन्त्री साउन २३ गते आयोगमा उपस्थित भएको ।

- कृष्णप्रसाद अधिकारको हत्यामा सङ्लग्नलाई कारबाही गरिनुपर्ने माग राखी पुनः नन्दप्रसाद अधिकार र गङ्गामाया ११ महिना लामो अनसनका क्रममा ५२ वर्षको उमेरमा नन्दप्रसाद अधिकारीको २०७१ असोज ६ गते प्राण त्याग गरेको ।
- न्यायका लागि सङ्घर्षरत गोरखा फुजेलकी गङ्गामाया अधिकारीले सहिद दिवसको दिन पारेर ०७२ माघ १६ गतेबाट पुनः आमरण अनसन बस्ने उद्घोष गरिन् ।
- छोराको हत्यारालाई कारबाहीको माग गर्दै काठमाडौँको वीर अस्पतालमा अनसनरत गोरखा फुजेलकी गङ्गामाया अधिकारीको बकपत्र गराउन ०७३ भदौ २६ गते चितवन जिल्ला अदालतले आदेश गऱ्यो ।
- चितवन जिल्ला अदालतले कृष्णप्रसाद अधिकारी हत्या घटना सम्बन्धमा बहस गर्ने अधिवक्ताहरूसँग लिखित बहस नोट पेश गर्न आदेश गरे बमोजिम सबै अधिवक्ताले ०७३ कात्तिक ५ गते बहस नोट अदालतमा पेश गरे ।
- गोरखा जिल्ला फुजेलकी गङ्गामाया अधिकारीले चितवन जिल्ला अदालतमा चलिरहेको छोरा कृष्णप्रसा अधिकारीको हत्यासम्बन्धी मुद्दा काठमाडौँ जिल्ला अदालतमा सार्ने आदेश गरी पाउँ भनी उच्च अदालत पाटनमा ०७४ भदौ २८ गते निवेदन दिइन् ।
- ०७४ फागुन १३ गते आइतबारका लागि पेशी तोकिएको कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी मुद्दामा चितवन अदालतले अर्को आदेश गरेको छ । न्यायाधीश कुलप्रसाद शर्माको इजलासले यस मुद्दाका जाहेरवाला नुरप्रसाद अधिकारीलाई बकपत्रका लागि अदालतमा हाजिर हुन आदेश ।
- कृष्णप्रसाद अधिकारी हत्या प्रकरणका जाहेरवाला व्यक्ति नुरप्रसाद अधिकारीलाई ०७४ चैत २५ गते चितवन अदालतमा बयानका लागि उपस्थित हुन अदालते आदेश गरे पनि उनी अनुपस्थित रहे ।
- ६२ वर्षीय गङ्गामाया अधिकारीले गणतन्त्र दिवसको अवसर पारेर ०७५ जेठ १५ गतेदेखि फेरि आमरण अनसन सुरू गरेकी छन् ।
- गोरखा फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी मुद्दाको पेशी साउन २० गतेलाई तोकिएको छ । चितवन अदालतका सूचना अधिकारी केशव पौडेलका अनुसार ०७५ जेठ २० गते आइतबार न्यायाधीश कुलप्रसाद शर्माको इजलासले ०७५ साउन २० गतेका लागि पेशी चढेको जानकारी दिए ।
- राष्ट्रिय मानव अधिकार आयोगले कृष्णप्रसाद अधिकारीको हत्याको छानबिन र दोषीउपर कानुनी सजायको माग गर्दै अनशनरत आमा गङ्गामाया अधिकारीको जीवन रक्षाका लागि संवेदनशील भई तत्काल कार्य प्रक्रिया अगाडि बढाउन सरकारलाई ०७५ जेठ २५ पत्राचार ।